# आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

## टीकापुर नगरपालिका
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश

### मिति २०७७/०३/०८

Email: tikapurmun@gmail.com
Web: tikapurmun.gov.np

# टीकापुर नगरपालिकाको

# आर्थिक वर्ष २०७७/०७८ का लागि नीति तथा कार्यक्रम

**आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

१. विश्व मानव समुदायनै कोभिड-१९ (कोरोना भाईरस) संग जुधीरहेको यस चुनौतीपूर्ण र असहज घडीमा सम्मानित सातौं नगरसभा समक्ष टीकापुर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

२. इतिहासका विभिन्न कालखण्डहरुमा भएका मुक्तिका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मान ब्यक्त गर्दै भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु । साथै राजनीतिक आन्दोलनका क्रममा हालसम्म बेपत्ता, घाईते र अपाङ्ग योद्धाहरु प्रति श्रद्धासुमन अर्पण गर्दै टीकापुरलाई इतिहासका विभिन्न मोडहरुमा आफ्नो कुसल नेतृत्व प्रदान गरी अहिलेको अवस्थासम्म ल्याउनुहुने सम्पूर्ण अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

३. कोभिड-१९महामारीबाट सङ्क्रमित भई स्वदेश तथा विदेशमा जीवन गुमाउनुहुने नागरिकहरु प्रति हार्दिक श्रद्धान्जलीका साथै शोकाकुल परिवार प्रति गहिरो समबेदना ब्यक्त गर्दछु । उपचाररत संक्रमित ब्यक्तिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना भाईरस विरुद्धको अभियानमा सहयोग र सहकार्य गर्नुहुने संघीय सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था तथा ब्यक्तिहरु, निजी क्षेत्र, संचारजगत, बुद्धिजीवी तथा नगरवासीहरुमा हार्दिक आभार ब्यक्त गर्दछु । कोभिड -१९ महामारीको संक्रमण, न्यूनिकरण तथा नियन्त्रणका लागि अग्रपंक्तिमा अहोरात्र खटिरहनु भएका जनप्रतिनिधीज्यूहरु, सम्पूर्ण स्वास्थ्यकर्मि, सुरक्षाकर्मि, सवारीचालक, ब्यवस्थापकीय पक्षमा खटिरहनु भएका कर्मचारीहरु लगायत सम्पूर्णमा आभार ब्यक्त गर्दछु र यस कठिन परिस्थितीमा जीवन रक्षाका लागि सरकारबाट लिईएको नीतिको परिपालनाका लागि समेत सवै नगरवासीलाई धन्यवाद दिदै थप सतर्कता र संयमता अपनाउन समेत अपिल गर्दछु ।

४. नगरको ठुलो हिस्सा विदेश र मुलुकका अन्य स्थानहरुमा रहिरहेको अवस्थामा यस संकटको घडिमा आफ्नो घरपरिवारमा फर्कन चाहेको र त्यसरी फर्कन चाहाने तर बन्दाबन्दीको कारणले समस्यामा परेका नागरिकहको सीमा क्षेत्रबाट तथा मुलुकका अन्य शहरहरुबाट समेत उद्धार गरी, सुरक्षित वसाईको ब्यवस्था मिलाउनका साथै नागरिकहरुको स्वास्थ्य परीक्षण गरी संक्रमितहरुको उचित उपचारको ब्यवस्था मिलाईएको छ र यस कार्यमा नगरपालिकाले आफ्नो आर्थिक तथा मानविय जनशक्तिको यथोचित परिचालन गरिरहेको छ ।

५. यस संकटको घडीमा नगरवासीलाई सुरक्षा तथा उद्धार गर्नु नगरपालिकाको प्रमुख दायित्व हो । यसका साथै नगरको समग्र विकासका लागि नगर भित्र रहेका सम्भावना र अवसरहरुलाई पछ्याउदै आर्थिक, सामाजिक र पूर्वाधारका साथै मानविय विकास गर्न नागरिकहरुमा आत्मविश्वास बृद्धि गर्दै आर्थिक गतिविधि नियमित रुपमा अगाडि बढाउन हामी लागि रहेका छौ ।

६. स्थानीय तह निर्वाचन भएको कारिव ३ वर्ष पुरा हुदै गर्दा सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न र जवाफदेही विहिन स्थितिको अन्त्य गर्न जनतालाई छिटो छरितो सेवा दिने, विकास प्रक्रियालाई तिव्र वनाउने र सुरक्षित जीवनको अनुभुति गराउने उद्देश्य हामीले

राखेका छौं । यसका निमित्त तदनुरुप दैनिक प्रशासन सञ्चालन गर्नुका साथै आवश्यक नीति, कानुन र योजना तर्जुमा गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ सम्पादन गरिरहेका छौँ ।

७. अप्रत्याशित रुपमा देखा परेको कोभिड -१९ विश्वब्यापी संक्रमणको कारण उत्पन्न असहज परिस्थितमा कोरोना भाईरसको जोखिमलाई न्यूनिकरण गर्न "कोरोना संक्रमण रोकथाम, नियन्त्रण र उपचार कोष" मा आवश्यक रकम विनियोजन गरी सीमा क्षेत्र तथा मूलुकका अन्य स्थानहरुबाट समेत मानव उद्धार गर्नुका साथै औषधी उपचार, क्वारेन्टाईन ब्यवस्थापन, जनशक्ति ब्यवस्थापन लगायतका ब्यवस्था मिलाईएको छ भने मूलुकमा रहेको बन्दाबन्दीका कारण साँझविहान हातमुख जोर्न समेत मुस्किल पर्ने ज्यालामजदुरी गरी खाने वर्गहरुलाई राहत स्वरुप खाद्यान्न उपलब्ध गराईएको छ ।

८. कोभिड-१९ का कारण देशमा गरिएको बन्दाबन्दिको समयमा तेस्रो मुलुक लगायत भारत र देशका अन्य स्थानबाट टीकापुर प्रवेश गरी  नगरपालिकाबाट स्थापना गरिएका क्वारेन्टाईनमा बसेका नागरिकहरुको जम्मा संख्या २,७८२ रहेको र सो मध्ये क्वारेन्टाईन अवधि पुरा गरी सुरक्षित तरिकाबाट घर फर्किएकाहरुको  संख्या २,२१५ रहेको छ भने ५६५ जना हाल क्वारेन्टाईनमा वसीरहेका छन् । त्यसैगरी हालसम्म टीकापुर नगरपालिकामा पि.सि. आर. परीक्षण गरिएको संख्या ७९६ रहेकोछ जसमध्ये ५९३ जनाको रिपोर्ट प्राप्त भएकोमा २६ जना संक्रमित र ५६७ जना संक्रमित नभएको प्रतिवेदन प्राप्त भएकोछ उक्त २६ जना संक्रमित मध्ये ४ जना निको भई घर फर्किएका छन् भने २२ जना टीकापुर अस्पतालको आईसोलेशन वार्डमा राखिएकोछ । साथै जम्मा आर .डि. टी. परिक्षण गरिएको १९३१ जना मध्ये ५८ जनाको रिपोर्ट पोजेटिभ देखिएकोछ र उक्त ब्यक्तिहरुको पि.सि.आर परीक्षणको लागि नमूना संकलन गरी प्रयोगशालामा पठाईएकोछ ।

## आदरणीय नगरसभाका सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा भएका उपलब्धिको बारेमा संक्षेपमा प्रकाश पार्न चाहन्छु ।

९. पूर्वाधार विकास अन्तर्गत शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन ईकाइ, धनगढी, कैलाली मार्फत सघन शहरी विकास कार्यक्रम अन्र्तगत पहिलो चरणको बसपार्क निर्माण कार्य सम्पन्न भई हस्तान्तरणको क्रममा रहेको छ भने मुख्य बजार क्षेत्र लम्की-खक्रौला सडक खण्डको जमरा पुल देखि मूख्य बसपार्क सम्मको सडक ६ लेन कार्यक्रम संचालनकै क्रममा रहेको छ, त्यसैगरी घण्टा घर निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

१०. यस टीकापुर नगरपालिकाका सम्पूर्ण वडालाई दीगो सडक सञ्जाल सँग जोड्न प्रत्येक वडामा कालोपत्रे सडक पुर्‍याउने लक्ष्य अनुरुप "**एक वडा एक गौरवको सडक योजना**" कार्यक्रम संचालन गरिएको छ । आ.व. ०७६/०७७ मा ११.२४१ कि.मि सडक कालापत्रे, २८.७२२ ग्राभेल तथा माटो पटानी र ४.४५ कि.मि.सडकमा नयाँ ट्र्याक  खोल्ने र रेखांकन कार्य अघि बढेकोछ ।

११. बाल विवाहलाई निरुत्साहित गर्दै महिला शसक्तिकरणमा बढावा दिनका लागि नगरपालिकाले चालु आ.व.०७६/७७ देखि शुरु गरेको **"हाम्री छोरी, प्यारी छोरी कार्यक्रम"** अन्तर्गत अहिले सम्म १७० जना बालिकाहरुको नाममा खाता खोलि रकम जम्मा गरिएको छ ।

१२. महिला हिंसा, छुवाछुत, अन्धविश्वास र कुप्रथालगायतका सम्पूर्ण गलत प्रचलन, तथा प्रवृत्तीलाई अन्त्य गर्दै लैङ्गिक समानता सहितको उच्च संस्कारयुक्त नागरिक तथा सभ्य समाजको निर्माण गर्ने उद्देश्यका साथ चालु आ.व मा संचालन गरिएको **छाउँपडि गोठ मूक्त नगरपालिका घोषणा** अभियान अन्तर्गत तथ्याकं संकलन, घरदैलो भेटघाट लगायतका सचेतना कार्यक्रम गरिएको छ, छाउपडि गोठ समुदाय स्तरबाटनै भत्काईएको छ र छाउपडि गोठ मूक्त नगरपालिका घोषणाको अन्तिम चरणमा रहेकोछ ।

१३. नेपाल सरकारको दिगो विकास लक्ष्यमा समेटीएको स्वस्थ र उत्पादनशिल जीवन उद्देश्य अनुरुप सवै उमेर समुहका ब्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्न टीकापुर वासीलाई रगतको अभावमा अकालमा ज्यान गुमाउन नपरोस भन्ने उद्देश्यले निशुल्क रगत कार्यक्रम संचालनमा ल्याईएकोमा नि:शुल्क रक्तसंचार सेवा संचालन कार्यक्रम अन्तर्गत चालु वर्षमा हालसम्म ३५५ जनालाई सेवा प्रदान गरिएकोछ त्यसैगरी गर्भवती महिलाहरुलाई पूर्ण संस्थागत सुत्केरी सेवा दिन घर देखि अस्पताल Home to Hospital कार्यक्रम संचालन गरिएकोछ । नगरपालिकाको तर्फबाट टीकापुर अस्पतालमा वालरोग विशेषज्ञ सेवा वापत १३१५० बालबालिका र स्त्री रोग ब्यवस्था गरिएकोमा ठूलो संख्यामा सेवाग्राहीहरु लाभान्वित भएका छन् ।

१४. **"उत्पादनशिल, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सु-ब्यवस्थित पर्यटकीय नगर"** दूरदृष्टि बोकेको टीकापुर नगरपालिकाको आधार दस्तावेजको रुपमा रहेको २० वर्षे नगर बृहत योजना तर्जुमा निर्माणको कार्य सम्पन्न भई अन्तिम स्वीकृतीको प्रक्रियामा  रहेको छ ।

१५. पर्यटन विकासका लागि टीकापुरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न संचालन गरिएको टीकापुर सर्किटको अवधारणा अन्तर्गत वडा नं. ७ स्थित डल्फिन क्षेत्र सम्म जाने कालो पत्रे सडक निर्माणाधिन अवस्थामा रहेकोछ, वडा नं. ७ मा अवस्थित पुरातात्विक ऐतिहासिक महत्व बोकेको पदम प्रकाशेश्वर मन्दिरको मर्मत संभार गरिएको छ त्यसै गरी नगरको पहिचानको रुपमा रहेको टीकापुर बंगला पार्कको क्षेत्र भित्र पक्कि घेरापर्खाल निर्माण गरिएको छ  ।

१६. स्थानीय तहको निर्वाचन भएको करिव ३ वर्ष पुरा हुँदैगर्दा यस अवधिसम्म टीकापुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने कार्यलाई ब्यवस्थित एवं प्रभावकारी रुपले सम्पादन तथा नियमन गर्नका साथै सेवा प्रवाहलाई प्रभावकारी वनाउन विभिन्न विषयका ४१ वटा ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गरिएको छ भने आवश्यकता अनुरुप कानून निर्माणको प्रक्रियालाई निरन्तरता प्रदान गरिएको छ ।

१७. नगर गौरवको योजनाको रुपमा रहेको टीकपुर बंगलापार्कको मूख्य प्रवेशद्धारमा गेट निर्माण सम्बन्धि कार्य सम्पन्नको अन्तिम चरणमा रहेकोछ त्यसै गरी नगर गौरवको बहु वर्षिय योजनाको रुपमा रहेको वडा नं. ५ स्थित शव दाह गृह निर्माण कार्य अगाडि बढाईएको छ ।

१८. टीकापुर क्षेत्रभित्र रहेका एच.आई.भि संक्रमित भई रोग प्रतिरोधात्मक औषधीसेवन गरी रहेका संक्रमितहरुलाई पोषणयुक्त आहारा उपलब्ध गराउने उद्देश्यले प्रति ब्यक्ति वार्षिक रु. ५०००। (पांच हजार)का दरले पोषण खर्च उपलब्ध गराईएकोछ र यस कार्यक्रम मार्फत चालु आ.व.मा ७८ जना लाभान्वित भएका छन् ।

१९ .खेलकुद क्षेत्रको विकासबाट वालवालिका तथा युवालाई अनुशासित, मर्यादित र स्वस्थ एवं जिम्मेवार नागरिकको रुपमा विकास गर्न अन्तर वडास्तरिय खेलकुद, स्रोत स्तरिय खेलकुद कार्यक्रम, मेयर उपमेयर कप फुटवल प्रतियोगिता, राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम संचालन गरिएको छ ।

२०. उत्तरदायी सरकारको अवधारणा आत्मासात गर्दै सार्वजनिक प्रशासनको कार्य संस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न र जवाफदेही विहिन स्थिति अन्त्य गर्दै स्थानीय तहको शासन प्रकृया तथा सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी, जवाफदेही, प्रभावकारी, गुणस्तरीय र सहभागीतामुलक बनाउन सकियोस भन्ने उद्देश्यले संरचनागत, संस्थागत तथा प्रक्रियागत सुधारमा जोड दिईएको छ ।

२१. यस नगरपालिका क्षेत्र भित्र पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत ३७७१ पशुपंक्षीको उपचार भई २६४७ परिवार संख्या लाभान्वित भएका छन् । पशु नश्ल सुधार अन्तर्गत बोका तथा विर वितरण गरिएको छ भने पोषण तथा आहारा अन्तर्गत ब्यक्ति/फर्म/समुह गरी ३३७ परिवार संख्या लाभान्वित भएका छन् । त्यसैगरी पशुपंक्षीलाई खोप सम्बन्धि कार्यक्रम अन्तर्गत २३,१०० संख्यामा खोप सेवा प्रदान गरिएको छ जसअन्तर्गत ७,०२० परिवार संख्या लाभान्वित भएका छन् । डेरी पवर्द्धन कार्यक्रम अन्तर्गत ३१ वटा फर्म तथा उद्योगलाई अनुदान उपलब्ध गराईएकोछ भने पशु स्वास्थ्य शिविर अन्तर्गत रेविज शिविर संचालन गरिएकोछ ।

२२. स्मार्ट सिटी परियोजना अन्तर्गत नगरपालिकाको मूख्य बजारक्षेत्र लगायत यस वरपरका वस्तीलाई जोड्ने गरी आन्तरिक चक्रपथको DPR निर्माण आयोजना कार्यान्वयनको चरणमा अगाडी बढेको छ ।

२३. स्थानीय भाषा, कला, साहित्य र संस्कृति संरक्षणका लागि विविध होरी, माघी, घाँसे महोत्सव लगायतका विविध कार्यक्रमको आयोजना गरिएको छ ।

२४. टीकापुर नगरपालिका मूख्य बजार क्षेत्रको ढल ब्यवस्थापनका लागि खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गत साना शहरि आयोजना ब्यवस्थापन कार्यालयको सहयोगमा ढल ब्यवस्थापन सम्बन्धी कार्यको लागि विस्तृत परियोजना ठेक्का प्रक्रिया सम्झौताको चरणमा रहेकोछ ।

२५. नगरपालिका केन्द्र तथा वडा कार्यालयहरुमा मानव श्रोत सहित कार्यालयमा भौतिक साधन श्रोतको ब्यवस्थापन सहित चुस्त र उत्तरदायी प्रशासनमा जोड दिईएको छ । साथै टीकापुर नगरपालिका भित्रका  वडा कार्यालयहरुलाई भौतिक पूर्वाधारयुक्त बनाउन वडा कार्यालयको प्रशासनीक भवन निर्माण कार्य अगाडि बढाईएकोछ भने कार्यालय संचालनका लागि आवश्यक मानवस्रोत, भौतिक सामाग्री, उपकरण सहितको ब्यवस्था मिलाईएको छ ।

२६. यस नगरपालिकामा शैक्षिक सत्र २०७६ अन्तर्गत कक्षा ८ र ५ को नगरस्तरिय परीक्षा शान्त र मर्यादित रुपमा सञ्चालन भई सकेको छ भने शैक्षिक सत्र २०७७ को भर्ना अभियान कोभिड–१९ को कारण हुन नसकेको अवस्थामा विद्यालयहरु मार्फत विद्यार्थीहरुका हातहातमा पाठ्यपुस्तक पुर्याएकोछ । साथै विद्यालयको विभिन्न गतिविधि वुझ्नको लागि विद्यालय ब्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा प्रध्यानाध्यापकहरुसँग छलफल गरिएकोछ ।

२७. यस नगरपालिकामा चालु आ.व. ०७६/७७ मा भौतिक संरचना निर्माण अन्तर्गत २ वटा विद्यालयमा ब्यवस्थित शौचालय निर्माण गरिएको छ, ५ वटा विद्यालयहरुमा विज्ञान प्रयोगशाला, १ वटा

विद्यालयमा पुस्तकालय, १ वटा विद्यालयमा आई.सी.टि प्रयोगशाला निर्माण गरिएको छ । विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु तथा अभिभावकहरुका साथै शिक्षा सरोकार सम्बद्ध व्यक्तिहरुसंग छलफल तथा अन्तरक्रिया गरिएको छ भने खेलकुद प्रबर्द्धनका कार्यक्रम, गरीब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृति वितरण, विभिन्न विद्यालयमा खाजा वितरण सम्बन्धी कार्यक्रम संचालन गरिएको छ ।

**२८.** स्वास्थ्य प्रति सजग बनाउन **"म स्वस्थ्य, मेरो नगर स्वस्थ्य"** अभियान संचालन सहित विविध जनचेतनामूलक कार्यक्रम संचालन गरिएकोछ । स्वास्थ्य स्वयंसेवकहरुलाई स्वास्थ्य सेवा विस्तार सँग जोड्न संचारका लागि १२० थान मोवाईल उपलब्ध गराईएको छ त्यसैगरी १४ वटा विद्यालयमा **साथी (दौतरी)** शिक्षा कार्यक्रम संचालन गरिएकोछ जसबाट जम्मा ३४९१ संख्यामा विद्यार्थीहरुलाई परामर्श प्रदान गरिएकोछ ।

**२९.** टीकापुरलाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउदै कृषकहरुको दीगो जिवीकोपार्जनका लागि निर्वाहमुखी कृषि पद्धतिलाई ब्यावसायिक कृषिमा रुपान्तरण गर्न विभिन्न तालिमको आयोजना गरिएको छ जस अन्तर्गत १२.वटा समुहलाई च्याउ खेती सम्बन्धी तालिम, प्राविधिक सहयोग, नियमीत घरबारी भेटघाट कार्यक्रम, नमूना तरकारी उत्पादन प्रदर्शन कार्यक्रम अन्तर्गत प्राङ्गारिक उत्पादन प्रविधिमा टमाटर, काउली लगायतका नमूना तरकारी उत्पादन गरिएको र रासायनिक विषादी न्यूनिकरणका लागि ८ वटा कृषक पाठशालामा एकिकृत शत्रुजीव ब्यवस्थापन (आई.पी.एम) कार्यक्रम सन्चालन गरिएको छ ।

**३०.** साना सिंचाई विशेष कार्यक्रम अन्तर्गत ३० वटा समुहमा बोरिङ्ग र पावर ट्रेलर उपलब्ध गराईएकोछ । कृषि समुहहरुलाई धान,गहु, मकै, तोरी, मसुरो र आलुको विउँ वितरण गरिएकोछ जसबाट प्रत्यक्ष रुपमा ३७५ जना लाभान्वित भएका छन् ।

**३१.** नगर क्षेत्रमा लागु गरिएको आवास कार्यक्रम अर्न्तगत तराई मधेश समृद्धि कार्यक्रम र नगरपालिकाको साझेदारी तथा प्रदेश विशेष अनुदान कार्यक्रम मार्फत वडा नं. ७ को आर्थिक रुपले निकै पिछडिएको दलित बस्ती कुन्ती टोलमा ८ घरपरिवारका लागि र वडा नं. ८ को दलित वस्तीमा ६ परिवार गरी जम्मा १४ परिवारका लागि भवन निर्माण कार्य अन्तिम चरणमा रहेकोछ ।

**३२.** स्मार्ट सिटी कार्यक्रम अन्तर्गत टीकापुर नगरपालिका वडा नं. १ स्थित खुल्ला मञ्चको परिसरमा प्रथम चरणको पक्कि घेरापर्खाल निर्माण कार्य अन्तर्गत ५८३ मि.को निर्माण कार्य अगाडि बढेको छ ।

**३३.** टीकापुर नगरपालिका क्षेत्र भित्र महिला लगायतका लक्षित वर्गका लागि सशक्तिकरण, सीप विकास र रोजगारमूलक कार्यक्रम संचालन गर्नुका साथै लागु औषध दुर्व्यशन, छाउपडि प्रथा, घरेलु हिंसा लगायतका विविध विषयमा सचेतना सम्बन्धी कार्यक्रमहरु संचालन गरिएको छ ।

**३४.** झन्झटिलो र खर्चिलो न्याय प्रणालीमा सुधार गरी सरल, सहज, छिटो छरितो, सर्वसुलभ न्याय प्रदान कार्यमा सहजता प्रदान गर्न नगरपालिकाको प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्र स्थापना गरिएको छ भने ७६ जना मेलमिलापकर्तालाई मेलमिलाप सम्बन्धि तालिम प्रदान गरिएकोछ ।

**३५.** अल्प संख्यक, दलित, एकल महिला आदिवासी/जनजाती गरी जम्मा ४१ जना महिलाको लागि दुग्ध परिकार निर्माण सम्बन्धि तालिम संचालन गरिएकोछ । वडा नं.७ मा अपाङ्ग परिचयपत्र सिविर संचालन गर्नुका साथै मासिक २ पटक गरी अपाङ्ग परिचयपत्र वितरण कार्यक्रम संचालन गरिएकोमा

३४८ जना लाभान्वित भएका छन् । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, तीजमिलन जस्ता दिवसीय कार्यक्रम संचालन गरिएकोछ ।

## नगरसभा सदस्यज्यूहरु

अव म टीकापुर नगरपालिकालाई **"उत्पादनशिल, स्वस्थ, शिक्षित, पूर्वाधारयुक्त, सुब्यवस्थित पर्यटकीय नगर"** बनाउने उद्देश्य सहित आर्थिक वर्ष २०७७/०७८ को लागि लिईएका प्रमुख नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

**३६.** नगरपालिकाबाट यस आ.व.मा सञ्चालन भै सम्पन्न हुन नसकेका अधुरा योजनाहरु सम्पन्न गर्न प्राथमिकता दिईने छ । साथै बहुवर्षिय योजनामा आवश्यकता अनुरुप बजेटको ब्यवस्था गरी कार्यान्वयन गरिने छ ।

**३७.** नगरपालिकाको पूर्वाधार विकास लगायत अन्य क्षेत्रको विकासमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुरुप कार्य गर्ने नीति लिईएको छ ।

**३८.**नगर गौरवको आयोजनाको रुपमा रहेको वडा नं. ५ स्थित दौलतपुर घाटमा आधुनिक शवदाह गृह निर्माण सम्बधि आयोजनालाई निरन्तरता दिईएको छ ।

**३९.** यस टीकापुर नगरपालिकाको आफ्नो स्रोतले मात्र सम्पन्न हुन नसक्ने प्राथमिकता प्राप्त आयोजनाहरुको संचालनका लागि संघीय सरकार, प्रदेश सरकार र दातृ निकायहरुसँग साझेदारी गर्नका लागि समपूरक कोषमा आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गर्नसक्ने ब्यवस्था मिलाईनेछ ।

**४०.** विगत लामो समय देखि संचालनमा आउन नसकेको टीकापुर विमानस्थल पूनः संचालनमा ल्याई टीकापुर नगरपालिकालाई हवाई यातायात संजाल सँग जोड्नका लागि पहल गरिएकोमा नेपाल सरकार, नागरिक उड्यन प्राधिकरणको विज्ञ टोलीबाट एअरपोर्ट स्थानान्तरणका लागि सम्भाब्यता अध्ययन भईरहेकोमा ब्यवस्थित एयरपोर्ट निर्माणकालागि थप आवश्यक पहल गरिनेछ ।

**४१.** वडा नं.७ को डल्फीन क्षेत्र लगायत बेतबास उत्पादनको गुरु योजना बनाई सो क्षेत्रको पूर्वाधार विकासमा जोड दिई आय आर्जन लगायत पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ । साथै वडा नं. ६ स्थीत वि.पी.निकुञ्ज तथा वडा नं.७ को ओजुवा ताल लगायत अन्य प्राकृतिक ताल तलैयाहरुको संरक्षण तथा विकासमा जोड दिईनेछ ।

**४२.** नेपाल सरकारले शशर्त अनुदानमा तोकेको बाहेकका पूर्वाधार तर्फका आ.व २०७७/०७८ मा सम्झौता भई कार्यान्वयन हुने योजनाहरुमा ग्राभेल तथा माटो पटानी जस्ता कार्य गर्दा ८०:२० र अन्य पुर्वाधार तर्फका योजनाहरुको निर्माण कार्य गर्दा ८५:१५ को अनुपातमा जनसहभागिता गराउने निती लिईनेछ ।

**४३.** नगरपालिका क्षेत्र भित्र निर्माण गरिने विकास निर्माण सम्बन्धि आयोजनाहरुका साथै भौतिक तथा पूर्वाधार संरचनाहरुको निर्माण गर्दा वातावरणमैत्रि, अपांगमैत्रि, बालमैत्रि तथा महिलामैत्री अवधारणा अनुरुप कार्यान्वयन गर्दै लगिनेछ ।

**४४.** विकास निर्माण कार्यमा ढिलासूस्ती गर्ने कार्यलाई निरुत्साहित गर्दै समयमानै कार्य सम्पादन गर्ने कार्यलाई प्रोत्साहित गर्न तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्क तयार गरी सूचकाङ्कको आधारमा सम्मान गरिनेछ ।

**४५.** टीकापुर पार्कको गुरुयोजना अनुसार सो को विकास तथा विस्तार गर्ने कार्यलाई प्राथमिकता दिईनेछ तथा न.पा.क्षेत्र भित्रका अन्य पार्कहरुको गुरुयोजना तयार गरि सो अनुसार पूर्वाधार निर्माण कार्यको शुरुवात गरिनेछ ।

**४६.** मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित बनाउन पार्किङ्ग स्थलको व्यवस्था गरी ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

**४७.** टीकापुर नगरपालिकाको समग्र विकासका लागि एकिकृत शहरी विकास योजना (IUDP) लागू गर्न संघिय सरकार समक्ष पहल गरिनेछ ।

**४८.** टीकापुर नगरलाई स्मार्ट सिटी बनाउने लक्ष्यका साथ सोको लागि आवश्यक पर्ने कार्यक्रमहरु तयार गरी क्रमश : कार्यान्वयन गर्दै लगिनेछ । पुर्वाधार निर्माण तर्फका आयोजना संचालन गर्दा बढी भन्दा बढी रोजगार सृजना हुने खालका तथा श्रममुलक आयोजना छनौट तथा कार्यान्वयनमा जोड दिईनेछ ।

**४९.** यस टीकापुर नगरपालिकाका सम्पूर्ण वडालाई दीगो सडक सञ्जाल सँग जोड्न प्रत्येक वडामा कालोपत्रे सडक पुर्‍याउने लक्ष्य अनुरुप **“एक वडा एक गौरवको सडक योजना”** कार्यक्रमलाई चालु आ.व. मा पनि निरन्तरता प्रदान गरिनेछ ।

**५०.** नगरक्षेत्र भित्र निर्माण हुने पुर्वाधारको गुणस्तरियता सुनिश्चीत गर्नका लागि गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गर्न जोड दिईनेछ ।

**५१.** सामुहिक आवास कार्यक्रम अन्तर्गत आगामी आ.व. मा वडा नं. १ को मुक्त कमैया सिविर शक्तिनगरमा भवनहरु निर्माण कार्य अगाडि बढाईनेछ । साथै अति विपन्न र पिछडिएका वर्गहरुलाई लक्षित गरी आवास भवन निर्माण गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

**५२.** सडक क्षेत्रको व्यवस्थित विकासका लागि नगरपालिकाको यातायात गुरुयोजना (MTMP) निर्माण कार्यलाई विभिन्न संघ संस्था तथा सहयोगी निकायहरुसँग आवश्यक समन्वय गरी अगाडि बढाईनेछ ।

**५३.** तत्कालिन प्रचलित कानून बमोजिमको मापदण्ड पुगेका तर नक्सा पास गर्नुपर्नेमा नक्सा पास नगरिएका वा पास भएका पुराना नक्सामा स्वीकृती विना संरचना थपघट गरिएका पुराना भवनहरुको अभिलेख तथा व्यवस्थापनका लागि निर्देशिका/कार्यविधि बनाई सोहि अनुसार अभिलेखीकरणको व्यवस्था मिलाईनेछ साथै भवन आचारसंहिता पालना गर्न थप कडाई गरिनेछ ।

**५४.** विकासलाई प्रभावकारी एवं गुणस्तरीय बनाउनका लागि टुक्रे योजना छनौट हुने प्रबृत्तिको अन्त्य गर्दै पूर्वाधार तर्फका योजना रु. ५ लाख भन्दा साना नहुने गरी बजेट विनियोजन गर्ने र रु. २५ लाख भन्दा बढी लागतका पूर्वाधारका योजनाहरु ठेक्का मार्फत कार्यान्वयन गर्ने नीतिलाई आगामी आ.व. ०७७/०७८ मा समेत निरन्तरता दिईनेछ र उक्त योजनाहरुको ठेक्का E –bidding मार्फत गर्ने व्यवस्था मिलाईनेछ ।

**५५.** रोजगारी गुमाएका तथा बेरोजगारलाई लक्षित गर्दै बाच्न, खान र उत्पादन गर्ने किसिमले रोजगारीको अवसर सृजना गर्ने, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने र आम जीवनस्तरमा सुधार गर्ने रोजगारमूलक कार्यक्रम संचालन गरिनेछ, साथै कोभिड-१९ को प्रभावबाट रोजगारी गुमाएका नागरिकलाई लक्षीत गरी श्रम अभियान संचालन गरिने छ ।

**५६.** लघु उद्यम विकास गरी रोजगारी सृजना गर्नका लागि नवउद्यमी पहिचान गरी प्रबर्द्धनात्मक कार्यक्रम संचालन गरिनेछ साथै उद्यमीको स्तरोन्नतीका लागि आवश्यकता पहिचान गरी पूनर्ताजगी र अतिरिक्त सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ ।

**५७.** बैदेशिक रोजगारमा जान चाहाने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ साथै बैदेशिक रोजगारमा जान चाहने र गएका परिवारहरुलाई कोभिड-१९ बाट सृजीत मानसिक त्रास कम गरी उच्च मनोवल कायम गर्न मनोसामाजिक परापर्श र वित्तिय साक्षरता सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

**५८.** उत्पादकत्व बृद्धि गर्न पशु पंक्षी तथा मत्स्य विकासमा नश्ल सुधार, पशु स्वास्थ्य सेवा, पशुपंक्षाी रोग नियन्त्रण तथा उपचार, पशु आहारा/ पोषण सेवा संचालन तथा मत्स्य विकास तथा प्रबर्द्धन सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । पशुपंक्षी तथा मत्स्य फार्म दर्ता, तथा नविकरण सहित तथ्यांक अद्यावधिक गरिनेछ । ब्यवसायीहरुलाई उत्पादनका आधारमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

**५९.** पशु व्यवस्थापन कार्यक्रम अन्तरगर्त पशुहरुका लागि खोप केन्द्र स्थापना, पशु हाटबजार, पशुपंक्षी बधस्थल/बधशाला, कृत्तिम गर्भाधान केन्द्र स्थापना गरिनुका साथै पशु विमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

**६०.** स्वरोजगार सृजना गर्ने गरी संघ/प्रदेश/ स्थानीय स्तर तथा कृषकसंगको साझेदारी कार्यक्रम अन्तर्गत प्रत्येक वडाको सम्भाब्यताको आधारमा पकेट क्षेत्र निर्धारण गरी उत्पादकत्व बृद्धि गरिनेछ **र** टीकापुर नगरपालिकालाई दूध र मासुमा आत्मनिर्भर गराउन लक्षित कार्यक्रम संचालन गरिनेछ ।

**६१.** टीकापुर नगरपालिका क्षेत्रभित्र कडकनाथ (Black Chicken), लौकाट, बट्टाई, हाँस लगायतका पंक्षीहरुको पालनको शुरुवात भईरहेको र यसको सम्भाब्यतालाई मध्येनजर गर्दै यी प्रजातीका चल्ला उत्पादनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**६२. "प्राङरगारीक कृषि पद्धती अपनाऔ, माटो र जिवन बचाऔ"** भन्ने उद्देश्यका साथ कृषि उत्पादन अभिवृद्धि एवम् वजार प्रवर्द्धधनमा टेवा पुर्‍याउने, प्राङ्गारिक खेतीलाई प्रवर्द्धन गर्ने, स्थानीय जडिबुटी प्रयोगमा ल्याइ चेतना अभिवृद्धि गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ साथै स्थानीय स्तरमा

रोजगारी अभिवृद्धि गर्न मौसमी वेमौसमी तरकारी खेती, केराखेती, फलफुल खेती, खाद्यान्न वाली, कन्ये च्याउ खेती, जस्ता व्यवसायिक कृषि कार्यक्रम संचालन तथा  प्रबर्धन गरिनेछ ।

**६३.** कृषिमा आधुनिकिकरण ल्याउन **एक वडा एक उत्पादनको अवधारणा, वा**ली विकास कार्यक्रम सञ्चालन गरिनेछ र  कृषि सम्बन्धि कार्यक्रमहरु कृषक समूह वा सहकारी मार्फत कृषकको माझमा लैजाने, महिला कृषक समूहहरुलाई बढी सक्रिय बनाउने र वीउ विजन उत्पादनको कार्यक्रम ल्याई विउ विजन आपूर्ति गरिनेछ । अर्गानिक खेती तथा व्यवसायिक खेती गर्ने किसानहरुलाई प्रोत्साहित गरिनुका साथै उत्कृष्ट कृषक/समूह/सहकारी कृषकहरुलाई पुरस्कृत गरिनेछ ।

**६४**. टीकापुर नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संघ संस्थाहरुको सञ्चालन प्रक्रियालाई व्यवस्थित, गुणस्तरीय र पारदर्शी बनाउदै सहकारी क्षेत्रको विकास प्रवर्द्धनका लागि तालिम, क्षमता विकास, नियमन तथा अनुगमनमा विशेष जोड दिईनेछ । साथै सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली कोपोमिस (COPOMIS)  कार्यक्रम संचालन गरिनेछ ।

**६५.** गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संबैधानिक अधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न उपभोक्तालाई प्राप्त हकको प्रचलनकालागि उपभोक्ताको हक-हित र सरोकार संरक्षण सम्बन्धी कार्यक्रमलाई थप व्यवस्थित गरी संचालन गरिनेछ ।

**६६.** रोजगारी सृजनाको लागि मागमा आधारित रोजगारीमूलक तालिम संचालन गरि रोजगारी वृद्धि गरिनेछ । साथै सीपमा आधारित प्रविधि हस्तान्तरण गरिनेछ ।
**६७.** यस टीकापुर नगरपालिका क्षेत्रमा छाला जुत्ता उत्पादन गर्दै आईरहेका उद्यमीहरुका लागि थप गुणस्तरियता कायम गर्न लागत सहभागितामा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ र उचित बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**६८. न**गरवासीको आवश्यकता अनुसार सेवा प्रवाह गर्न, सरोकारवालाहरुको सक्रिय एवं सार्थक सहभागिता गराई नगरपालिकाबाट प्रदान हुने वस्तु तथा सेवाहरु छिटो छरितो सरल एवं न्यायिक रुपमा उपलब्ध गराउन सकियोस भन्ने उद्देश्य अनुरुप सुशासन अभिबृद्धि संग सम्बन्धित क्रियाकलापहरु नियमित रुपमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

**६९.** टीकापुर क्षेत्रका स्थायी बासिन्दा रही शिक्षा, खेलकुद, कला, संगीत, साहित्य, पत्रकारिता, खोज, अनुसन्धान लगायतका विभिन्न विधा र विषयमा राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ख्याती र प्रतिष्ठा कमाई टीकापुरको चिनारी बढाउन योगदान दिने व्यक्तित्वहरुलाई प्रोत्साहन र सम्मान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**७०.** जनताको गुनासाहरुको यथोचित सम्बोधन गरी नगर सरकार र जनताबीच आपसी विश्वास, समन्वय र सम्बन्ध बढाउन जनतासँग मेयर, उपमेयर कार्यक्रमलाई निरन्तरता दिइनुका साथै जनताका गुनासो सुन्न र जनतासँग मेयरलाई प्रत्यक्ष जोड्नका लागि सामाजिक संजाल मार्फत गुनासो सुन्ने र समाधान गर्ने व्यवस्था समेत मिलाईने छ ।

**७१. "टीकापुर शहर, सडकमानव रहित नगर"** कार्यक्रम अन्तर्गत नगरपालिकालाई मानवताको नगर बनाउने अवधारणा अनुरुप सडकमानव रहित नगर निर्माण गर्नकालागि यस क्षेत्रसँग आवद्ध संघसंस्थासंग सहकार्य गरी आश्रय विहिन सडक मानवका लागि यथोचित व्यवस्था  मिलाईनेछ ।

**७२.** नगरको विकास, समृद्धि र जनसन्तुष्टि कायम गर्न कर्मचारीहरुमा जिम्मेवार संस्कृतिको विकास गर्न समयसापेक्ष क्षमता अभिबृद्धि, अनुभव आदानप्रदान लगायतका कार्यक्रम गरिनेछ । कर्मचारीहरुको उच्च मनोवल सहित कार्य गर्ने वातावरण तयार गरी उचित प्रोत्साहन गरिने छ साथै विगत लामो समयदेखि कार्यरत कर्मचारीहरुको वृत्ति विकासकालागि प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडि बढाइने छ ।

**७३.** नागरिकको मौलिक हकका रुपमा रहेको सूचनाको हक कार्यान्वयनका लागि यस टीकापुर नगरपालिकाले मोवाईल एप्स, नागरिक वडापत्र, वेवसाईट, रेडियो कार्यक्रम, पत्रपत्रिका, Digital Board स्थापना लगायतका माध्यमबाट नागरिकलाई नगरपालिका सम्बन्धी जानकारी प्रदान गरिनेछ । साथै लोककल्याणकारी संदेशमूलक सूचना तथा संदेशहरु  रेडियो तथा पत्रपत्रिका मार्फत सम्प्रेशण गरिने व्यवस्थालाई निरन्तरता प्रदान गरिनेछ ।

**७४.** नगरपालिकाको सेवा प्रवाहलाई चुस्त र प्रभावकारी रुपमा संचालन गरी जवाफदेहि र उत्तरदायी संगठनात्मक संयन्त्रको विकास गर्न सुशासन तथा पारदर्शिताका लागि सुशासन सम्बन्धि आवश्यक कानून निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

**७५.** कार्यालयमा आवश्यकता अनुसारको सफ्टवेयरको प्रयोग गर्ने, मौजुदा जनशक्तिहरुको कार्यदक्षता र कार्यालयको आवश्यकता अनुरुप कर्मचारीहरुको जिम्मेवारी हेरफेर, अतिरिक्त जिम्मेवारी दिई कार्यसम्पादनको व्यवस्था मिलाईनेछ । र दीर्घकालिन उत्तरदायित्व सृजना गर्ने किसिमका कार्यहरुलाई निरुत्साहित गरिनेछ ।

**७६.** जनप्रतिनिधी तथा कर्मचारीको क्षमता अभिबृद्धिका लागि समयसापेक्ष आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**७७.** सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंकिङ्ग पद्दति मार्फत वितरण गर्ने गरिएको छ र यसमा देखिएका जटिलतालाई आपसी समन्वयबाट समाधान गर्दै अशक्त र असहायहरुलाई घरदैलोमा नै गई  सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

**७८.** राजश्व प्रभावकारी परिचालनका लागि राजश्वको दायरा बढाउने तथा नया क्षेत्रको पहिचान गर्नुका साथै बढी भन्दा बढी व्यवसायीहरुलाई कर बुझाउन प्रेरित गर्नेगरी विविध कार्यक्रम सहित कर सप्ताह, कर जागरण अभियान संचालन गरिनेछ । घरजग्गा बहालकर, सरसफाई शुल्क असुली कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

**७९.** टीकापुर नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका अटो तथा ई-रिक्सालाई व्यवस्थित गरी संचालन तथा व्यवस्थापन गर्नका लागि आवश्यक नीतिगत व्यवस्था मिलाईनेछ ।

**८०.** पूर्ण घटना दर्ता सुनिश्चिततताका लागि ब्यक्तिगत घटनादर्ता र सामाजिक सुरक्षा दर्ता सिविर संचालन गरिनेछ साथै अनलाईन ब्यक्तिगत घटनादर्ता अघि भएका घटनादर्ता किताव डिजीटाईजेशन गरी सुरक्षित गर्ने ब्यवस्था मिलाईनेछ ।

**८१.** स्थानीय तथ्यांक व्यवस्थापन प्रणाली स्थापना गरी घरधुरी तथ्यांक तथा संस्थागत सूचनाको प्रभावकारी उपयोग र नियमित अध्यावधिक गर्न आवश्यक व्यवस्था मिलाइने छ भने स्थानीय तथ्यांक व्यवस्थापनलाई प्रभावकारी बनाउन सूचना प्रविधि शाखालाई थप क्रियाशिल र क्षमतायुक्त बनाइने छ ।

**८२.** नगर बृहत योजनालाई वार्षिक कार्यक्रम र बजेटको अंग बनाउन आवश्यक मापदण्ड तथा औजारहरु निर्माण गरी कार्यान्वयनमा लगिने छ ।

**८३.** छिमेकी स्थानीय तहहरुसँग आपसी सम्पर्क र समन्वय विस्तार गरी असल अभ्यासको अनुभव आदान प्रदान र विकास प्रयासमा साझेदारीको सम्भावनाको खोजी गरिनेछ ।

**८४.** नेपाल सरकारले अवलम्वन गरेको भ्रष्टाचार र लैंगिक हिंसा विरुद्ध शुन्य शहनसिलता नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक ब्यवस्था मिलाईनेछ ।

**८५.** न.पा.का नियमित वार्षिक योजना तथा दातृ निकायसंगको साझेदारीमा जलवायू समानुकुलित विकास योजनाहरु (CRDP) सञ्चालन गर्दै नगरस्तरीय भौतिक पूर्वाधारका योजनाहरुलाई जलवायु अनुकुलमैत्री वनाउन जोड दिईनेछ ।

**८६.** वातावरण संरक्षण ऐन २०७६, ले निर्दिष्ट गरे अनुसार जलवायु परिवर्तनको प्रतिकुल असर र जोखिमबाट बच्नको लागि स्थानीय अनुकुलन योजना (LAPA) बनाई कार्यान्वयन गरिनेछ ।

## नगरसभा सदस्यज्यूहरु,

**८७. "टीकापुर नगरपालिकाको प्रतिबध्दता, निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता"** मूल नारालाई कायमै राख्दै आधारभूत शिक्षालाई सामुदायिक विद्यालय मार्फत निशुल्क गर्दै क्रमशः अनिवार्य गरिनेछ र निशुल्क शिक्षालाई सुनिश्चितता प्रदान गर्न सम्पुर्ण सामुदायिक विद्यालयहरुलाई निजी स्रोत शिक्षक र विद्यालय कर्मचारी ब्यवस्थापन अनुदान, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन गरिनेछ ।

**८८.** न्यून पारिश्रमिकमा काम गरिरहेका बाल विकास सहजकर्ताहरूलाई वार्षिक एकमुष्ट प्रोत्साहन भत्ताका निरन्तरता गर्दै ३ देखि ४ वर्षका बाल बालिकालाई प्ले ग्रुप र ४ देखी ५ वर्षका बालबालिकालाई किन्डरगार्डेन कक्षाको माध्यमबाट बालविकास केन्द्रको सबलीकरण गरिनेछ ।

८९. वालवालिकाहरुलाई विद्यालयमा "**भिकाऔं, सिकाऔं र टिकाऔं**" भन्ने आदर्श वाक्यको अनुसरण गर्दै चार वर्ष उमेर समुहका तथा विद्यालय उमेरका विद्यालय भन्दा वाहिर रहेका वालवालिकाको संख्या यकीन गरी सबै बालबालिकाहरुलाई विद्यालयमा भर्ना गरिनेछ भने विद्यालयमा भर्ना भएका बालबालिकालाई टिकाउन तथा पोषणको सुनिश्चितता गर्न विद्यालय दिवा खाजा कार्यक्रमलाई विस्तार गरि निरन्तरता दिईनेछ ।

९०. बालबालिकाको शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र बौद्धिक विकास सहित उनिहरुमा रहेका अन्तरनिहित प्रतिभाहरु प्रस्फुटन गर्न अन्तर विद्यालय स्तरिय खेलकुद तथा अन्य सहक्रियाकलाप सञ्चालन गरिनेछ र साथै विद्यालयहरुलाई पनि यस्ता क्रियाकलापहरु गर्न प्रोत्साहन गरिनेछ ।

९१. परीक्षाको विश्वसनयता, वैद्यता, वस्तुनिष्ठता र स्तरीयता जस्ता आधारभुत मान्यताहरुलाई कायम राखि कक्षा आठ तथा अन्य कक्षाहरुको नगरस्तरिय परीक्षा सञ्चालन गरि मुल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

९२. संस्थागत विद्यालयहरुले गुणस्तरिय शिक्षा प्रदान गर्नेगरि शैक्षिक भौतिक पूर्वाधार व्यवस्थापन तथा दक्ष शिक्षक व्यवस्थापन गर्न जोड दिइनेछ ।सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात मिलाउन विद्यालय नक्साङ्कन (School Mapping) को आधारमा सार्ने, गाभ्ने र दरबन्दी मिलानको प्रकृया अगाडी बढाइनेछ ।

९३. विद्यालयहरुमा विज्ञान प्रयोगशाला , पुस्तकालय स्थापना तथा सूचना सञ्चार प्रविधिको स्थापना तथा प्रयोग गरिनेछ साथै विद्यालय सञ्चालन, शैक्षिक क्रियाकलाप तथा विद्यालयका अन्य गतिविधिहरुको नियमित अनुगमन, निरिक्षण तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गरिनेछ ।

९४. **"हामी सबैको रहर: साक्षर टीकापुर नगर"** भन्ने मुल नाराका साथ साक्षर नगर घोषणा गर्न आवश्यक प्रक्रिया सुरु गरि टीकापुर नगरपालिकालाई पुर्ण साक्षर घोषणा गरिनेछ ।

९५. ट्युसन, कोचिङ् जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा तथा नगर भित्र सञ्चालित तालिम केन्द्र र भाषा प्रशिक्षण केन्द्रहरुको मापदण्ड निर्धारण गरी अनुमति, नविकरण र नियमन सम्बन्धि कानुनको निर्माण गरि त्यस्ता संस्थाहरुलाई नगरपालिका मातहत ल्याईनेछ ।

९६. शिक्षण सिकाइ क्रियाकलापमा आधारित रहेर शिक्षक वा विद्यार्थीलाई केन्द्र बनाई देखा परेका समस्याहरुमा कार्यमूलक अनुसन्धान गराई सुधारात्मक शिक्षणको लागि शिक्षकहरुलाई प्रोत्साहित गरिनेछ भने शिक्षा सुधारका लागि शिक्षा क्षेत्रमा कार्य गर्ने गैर सरकारी संस्थाहरुसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरिनेछ ।

९७. प्रत्येक वडामा वडा क्लब र विद्यालयमा वाल क्लव गठन गरी सामाजिक विकास, भौतिक विकास, प्रकृतिक प्रकोप नियन्त्रण तथा उध्दार, वातावरण संरक्षण ,कला संस्कृतिको संरक्षण संवर्ध्दन जस्ता कार्यमा अग्रसर हुन र नेतृत्व लिन प्रोत्साहित गरिनेछ ।

९८.**"विकास, अनुशासन र गतिशिलता"** भन्ने उद्देश्यका साथ विद्यालयहरुमा खेलकुद र शारीरिक सुगठन जस्ता विधालाई निखार्दै मेयर कप, उपमेयर कप, राष्ट्रपति रनिङ्ग शील्ड हुदै राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी हुन युवाहरुलाई प्रोत्साहित गरिनेछ ।

९९. युवाहरुलाई लक्षित गरी युवा प्रतिभा पहिचान, युवा उद्यमीको खोजी तथा प्रोत्साहन, युवा परामर्श कार्यक्रम, संसदीय प्रणाली र अभ्यासको बारेमा जानकारी गराउन तथा नेतृत्व क्षमता विकास गर्न नमुना संसद सञ्चालन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

१००. स्थानीय कला, संस्कृति, परम्परा तथा चाडपर्वहरुको संरक्षण तथा सम्बर्द्धन गर्न र स्थानीय बजार , स्थानीय उत्पादन तथा स्थानीय उद्योगहरुको जानकारी गराई विद्यार्थीहरुमा आफ्नो स्थानीय स्तरमै आत्मनिर्भर बन्न सहिन्छ भन्ने भावनाको विकास गर्ने उद्देश्यमा केन्द्रित रही स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिनेछ ।

## नगरसभा सदस्यज्यूहरु,

१०१. टीकापुर नगरपालिकामा कोभिड- १९ महामारीको रोकथामका लागि अपनाउनु पर्ने स्वास्थ्य सजगताका व्यवस्थाहरुको पालना गर्न गराउन र परिक्षणको दायरा बढाउन आवश्यक किट, औषधि, उपकरण र जनशक्तिको व्यवस्थापन मिलाईनेछ । साथै खक्रौला नाका हेल्थ डेस्कमा स्वास्थ्यकर्मीहरु व्यवस्थापन गरी स्वास्थ्य निगरानी बढाईनेछ ।

१०२. कोभिड- १९ महामारी संक्रमण रोकथाम तथा उपचारकालागि टीकापुर अस्पतालसंग समन्वय गरी अस्थाई आईसोलेशन वार्ड थप गरिनेछ ।

१०३. टीकापुर अस्पतालमा संचालन गरिएको बालरोग, महिला तथा स्त्री रोग विशेषज्ञ सेवालाई निरन्तरता दिईनेछ । साथै ग्रामिण क्षेत्रमा रहेका गर्भवती महिलाहरुको समयमानै जटिलता पत्ता लगाई मातृ तथा नवजात शिशुको मृत्युदर घटाउनका लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरिनेछ ।

१०४. निःशुल्क रक्त संचार सेवालाई निरन्तरता दिइने छ । घर देखि अस्पतालसम्म (Home to Hospital) कार्यक्रमलाई निरन्तरता दिदै पूर्ण संस्थागत सुत्केरी न.पा. घोषणा अभियान अगाडी बढाईनेछ ।

**१०५**. स्वास्थ्यमा सर्वब्यापी पहुँच (Universal Health Coverge) को अवधारणा अनुरुप प्रबर्द्धनात्मक, प्रतिकारात्मक तथा उपचारात्मक सेवालाई एकिकृत रुपमा विकास तथा विस्तार गरिनेछ ।

**१०६**.सबै वडा तह देखि पूर्ण खोप सुनिश्चितता कार्यलाई संचालन गरी पूर्ण खोप नगर सुनिश्चिततालाई दिगोपना दिन अभियानको रुपमा वडातहबाटै कार्यक्रम बनाईनेछ ।

**१०७**. आमासंग उपमेयर कार्यक्रम मार्फत सुत्केरी आमालाई पोषण खाद्य सामग्री वितरण लाई निरन्तरता दिइनेछ । कुपोषण मुक्त नगरपालिका घोषणा अभियान कार्यक्रम क्रमशः संचालन गरिदै लगिनेछ ।

**१०८. "स्थानीय जनताको स्वस्थता, नगर सरकारको प्रतिबद्दता** " भन्ने उद्देश्यका साथ आर्थिक, सामाजिक, लैङ्गिक रुपमा पछाडी परेका महिला बालबालिका, दलित, जेष्ठ नागरिकहरुको स्वास्थ्य स्थिति सुधारमा जोड दिदै पाठेघर खस्ने रोग तथा पाठेघरको मुखको क्यान्सर परिक्षण लगायतका स्वास्थ्य शिबिर संचालन गरिनेछ ।

**१०९**.एच.आई.भी. संक्रमितहरुलाई पोषण खर्चलाई निरन्तरता दिनुका साथै एच. आई.भि.संक्रमित मध्ये असहाय तथा गरिब प्रेषण गरिएकाहरुलाई यातायात खर्च व्यवस्था मिलाईनेछ ।

**११०**. कोभिड-१९, सरुवा रोग, किटजन्य रोग, पशुपंक्षिजन्य रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् ब्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यको एकिकृत उपायहरु अवलम्वन गरी Community Rapid Response Team (द्रुत टोली) को क्षमता अभिबृद्धि गर्नुका साथै परिचालनको ब्यवस्था मिलाईनेछ ।

**१११**. लागुपदार्थ दुर्व्सनी लगायत विभिन्न कुलतबाट पर्नसक्ने सम्भाब्य असरहरुबाट सजग र सचेत बनाउन किशोरकिशोरीहरुलाई विद्यालयमा गरिदै आएको साथी (दौतरी) शिक्षा कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

**११२**. स्थानीय स्तरमा प्राप्त हुने जडिबुटीको उपयोगिताका साथै आयूर्वेद स्वास्थ्य र योग शिक्षा सम्बन्धि कार्यक्रम संचालन गरिनेछ । साथै आयूर्वेद पद्दति बमोजिम स्वास्थ्य संरक्षण, प्रबर्द्धन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

**११३**. कोभिड -१९ संक्रमित तथा प्रभावितहरुकालाई हुन सक्ने सम्भावित घृणा, लाञ्छना र भेदभावका विरुद्ध विभिन्न संघसंस्थाहरु संग समन्वय गरी सवै वडामा सचेतनामूलक कार्यक्रमहरुलाई अभियानका रुपमा संचालन गरिनेछ ।

**११४**. कोभिड -१९ को रोकथाम, नियन्त्रण र सम्भावित क्षति न्यूनिकरण गर्न प्रत्येक वडामा कम्तिमा एउटा अस्थायी क्वारेन्टाईन स्थापना गरी ब्यवस्थापन गरिनेछ । संक्रमण जोखिम रहदासम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवति महिला, जेष्ठ नागरिक तथा अपांगता भएका ब्यक्तिहरुका लागि सरोकारवाला संघसंस्थाहरु संग समन्वय गरि राहत कार्यक्रम संचालन गरिनेछ ।

**११५.** परम्परागत प्रविधिलाई सुधार तथा विकास गरी उपभोक्तामैत्री उपयुक्त नयाँ ग्रामिण प्रविधिको प्रबर्द्धन र विस्तार गर्न बायोग्यास जडान, सूधारिएको चुलो (बायोमास ) प्रविधि जडान, सौर्य उर्जा प्रविधि जडान कार्यक्रम संचालन गरिनेछ ।

**११६.** टीकापुर नगर क्षेत्रमा रहेका मुक्तकमैया र सुकुम्वासीहरुको जिवनस्तरमा सुधार ल्याउन विविध सिपमूलक, रोजगारमूलक तथा जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ साथै व्यवस्थित बसोबासका लागि प्रदेश सरकार र संघीय सरकारसँगको सहकार्य र समन्वयका आधारमा व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी रुपमा अगाडि बढाईनेछ ।

## नगरसभाका सदस्यज्यूहरु,

**११७.** लैंङ्गिक समानता र सामाजिक समावेशीकरणको व्यवहारिक कार्यान्वयका लागि आवश्यक नीति, नियम र निर्देशिकाहरु निर्माणमा जोड दिईनेछ । लैंगिक हिंसा न्यूनिकरणका लागि नगरपालिकामा लैंगिक हिंसा न्यूनिकरण निवारण कोष स्थापना गरिनेछ ।

**११८.** द्वन्द्वपिडित मूक्तकमैया, कमलरी, एकल महिला , दलित, विपन्न वर्गका महिलाहरुका लागि स्वरोजगार कार्यक्रमका लागि आधार तयार गरी प्रभावकारी कार्यक्रम संचालन गरिनेछ ।

**११९.** बालअधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिईनेछ । बालश्रम शोषण अन्त्यका लागि विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

**१२०.** प्राकृतिक प्रकोपका हिसावले जोखिममा रहेका स्थानहरुमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धधन गरिने छ । बाढी तथा डुवानको जोखिममा रहेका स्थानहरु तथा वस्तीहरुको सुरक्षाका लागि संकटासन्न क्षेत्रमा भू-क्षय तथा नदी कटान रोकथामका लागि तटबन्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**१२१.** बाढी तथा डुवानका कारणले संकटासन्न क्षेत्रका वासिन्दाहरुलाई सुरक्षित उच्च भवन तथा अन्न भण्डारण केन्द्र निर्माणका लागि प्रेरित गर्नुका साथै विभिन्न निकायहरुमा सहयोगका लागि यथोचित पहल गरिने छ ।

**१२२.** झन्झटिलो र खर्चिलो न्याय प्रणालीमा सुधार गरी सरल, सहज, छिटो छरितो, सर्वसुलभ न्याय प्रदान न्यायमा सर्वसाधारणको पहुँच वृद्धि गरिनेछ । अन्यायमा परेका बालबालिका, महिला, जेष्ठ नागरिक, अशक्त अपाङ्ग वर्ग एवं समुदायका मानिसहरुको गुनासो सुनुवाईमा विशेष प्राथमिकता दिइनेछ ।

**१२३.** दीगो विकास लक्ष्य अनुरुप नागरिकको स्वच्छ खानेपानीको उपभोगमा समान पहुंच कायम गर्नका लागि खानेपानी सेवा विस्तार सहित शुद्ध खानेपानीमा आम नगरवासीको सहज पहुँचलाई वृद्धि गर्न थप कार्यक्रम संचालन गरिनेछ ।

**१२४.** महिलाहरुको सशक्तिकरण, नेतृत्व विकास, उद्यमशिलता र सीप विकास गरी महिलाहरुलाई विकास तथा निर्णय, योजना निर्माण, योजना कार्यान्वयन र अनुगमनमा सहभागिता सुनिश्चित गर्दै नगरपालिका अन्तर्गत सन्चालन हुने  योजनाहरुमा कम्तिमा ४० (चालिस) प्रतिशत सहभागिता सुनिश्चित गरिनेछ ।

**१२५.** बालविवाह न्युनिकरण तथा महिला सशक्तिकरणमा टेवा पुर्‍याउन चालु आ.व. ०७६/७७ देखि संचालनमा आएको **हाम्री छोरी, प्यारी छोरी** कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

**१२६.** लैङ्गिक समानता सहितको उच्च संस्कारयुक्त नागरिक तथा सभ्य समाजको निर्माण गर्न यस नगरपालिकालाई छाउँपडिमूक्त नगरपालिका घोषणा अभियान अन्तर्गत आवश्यक कार्यक्रम सहित टीकापुर नगरपालिकालाई छाउँपडि मुक्त नगरपालिका घोषणा गरिनेछ ।

**१२७.** टीकापुर नगरपालिका क्षेत्रभित्रका श्रमिक वालवालिकाहरुको समुचित व्यवस्थापन गर्ने, सबै किसिमका बालश्रम अन्त्य गर्ने, बालबालिका माथि हुने सवै किसिमका हिंसा शोषण दुर्व्यवहार अन्त्य गर्ने तथा टीकापुरलाई बालमैत्री नगरका रुपमा घोषणा गर्नका लागि सचेतना, सशक्तिकरण एवं उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**१२८.** बालबालिकाहरुमा आत्मविश्वाषको विकास गर्दै बालबालिकामा लुकेर रहेको प्रतिभा प्रष्फुटनका लागि विशेष प्रतिभा पहिचान (Talent Show) सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

**१२९.** ज्येष्ठ नागरिकहरुमा कानुन प्रदत्त सेवाको सहज पहुच पुर्याउन जेष्ठ नागरिक विशेष कार्यक्रम संचालन गरिनेछ साथै जेष्ठ नागरिकहरुको दिनाचार्यालाई सहज बनाउन नगरपालिका र सामुदायिक संयन्त्र तथा सरोकारवालाहरुको सहकार्यमा जेष्ठ नागरिकहरुका लागि रचनात्मक कार्यहरु संचालन गरिने छ ।

**१३०.** अल्पसंख्यक, सीमान्तकृत र लोपोन्मुख समुदायका  लागि सचेतनामूलक तथा सीपमूलक कार्यकमहरु सञ्चालन गरिनेछ ।

**१३१. सार्वजनिक तथा सामुदायिक सम्पत्ति संरक्षण तथा व्यवस्थापन कार्यक्रम** : यस नगरपालिका भित्र रहेका सवै सार्वजनिक, सरकारी तथा सामुदायिक जग्गाको अभिलेखिकरण तयार पारी त्यस्तो सार्वजनिक महत्वका सम्पत्तिको संरक्षण, व्यवस्थापन र उपयोग सम्वन्धि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ । साथै नगरक्षेत्र भित्र रहेका महत्वपूर्ण सडक, चोक , चौराह, सार्वजनिक स्थलको नामाकरण कार्यलाई प्रभावकारी रुपले अगाडि बढाइने छ ।

**१३२.** धर्म, कला, अध्यात्म र संस्कृतिको संरक्षण, प्रबर्द्धन र विकासका लागि विविध कार्यक्रमहरु संचालन गरिने छ साथै टीकापुर क्षेत्रका धार्मिक, सांस्कृतिक, पर्यटकीय, भौतिक पूर्वाधार लगायतका कार्यमा आर्थिक तथा भौतिक सहयोग प्रदान गर्न ईच्छुक संघसंस्था, निजी क्षेत्र, ब्यक्ति, ब्यवसायीहरुलाई आह्वान गर्दै उक्त क्षेत्रको ब्यवस्थापन कार्यमा सार्वजनिक, निजी, साझेदारी अवधारणा अगाडि बढाईने छ ।

**१३३.** नागरिक समाज, पत्रकार, विभिन्न क्षेत्रमा आवद्ध पेशाकर्मी तथा ब्यवसायीहरु आदिको भूमिकालाई सशक्त बनाउन आवश्यक सहकार्य र समन्वय गर्नुका साथै क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु गरिने छ ।

**१३४.** टीकापुर नगरपालिका क्षेत्रलाई कार्य क्षेत्र बनाई विभिन्न कार्यक्रम संचालन गर्ने तथा गर्दै आई रहेका विभिन्न सामुदायिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ,संस्था तथा निजी क्षेत्रको उचित परिचालन तथा ब्यवस्थापनका लागि आवश्यक समन्वय गरिनेछ साथै निश्चित कार्यविधि बनाई नियमन गर्ने ब्यवस्था मिलाईनेछ ।

**१३५** . टीकापुर नगरपालिका क्षेत्र भित्रका संघ संस्था तथा विद्यालयहरुलाई नगरको सरसफाई कार्यमा सक्रिय सहभागिता गराईनेछ र टीकापुर नगरपालिकामा प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई विस्तारै कम गर्दे क्रमशः निश्चित क्षेत्र तोकी उक्त क्षेत्रलाई प्लाष्टिक निषेधित क्षेत्र घोषणा गर्दै लगिने छ ।

**१३६.** वाढी, डुवान, हावाहुरी, आगलागि, भूकम्प, झाडापखाला, महामारी, चट्टयाङ, आदिको जोखिम, असर र यसको न्यूनिकरण तर्फ जनचेतना अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । स्थानिय विपद् तथा जलवायु परिवर्तन उत्थानशिल समितीको अर्थपुर्ण सहभागीतामा **विपद् तथा जलवायु उत्थानशिल योजना** बमोजिम सरोकारवाला निकायहरुको समन्वय एंवम सहकार्य गरिने छ साथै विपद् व्यवस्थापन सम्बन्धि कार्य गर्न पालिका, वडा एंवम समुदाय स्तरमा रहेका **विपद् तथा जलवायु उत्थानशिल समितीहरुको** क्षमता अभिवृद्धि गरिने छ ।

**१३७.** नगर क्षेत्रको खेलकुद विकासका लागि आवश्यक पूर्वाधार विकास एवं विभिन्न खेलकुद कार्यक्रम संचालन गर्न आवश्यक सहकार्य गरिनेछ साथै यस नगरपालिकामा ब्यवस्थित रंगशाला निर्माणकालागि आवश्यक समन्वय रसहकार्य गरीनेछ ।

## नगरसभा सदस्यज्यूहरु,

**१३८.** यस नगरपालिका क्षेत्रभित्र उद्यमशिलता विकासका लागि युवाहरुलाई उत्पादनशिल कार्यमा अधिकतम सहभागी गराउने नीति अनुरुप लागत सहभागितामा विविध कार्यक्रमहरु सहित प्रविधि हस्तान्तरणमा सहयोग गरिनेछ । साथै रोजगारीको प्रत्याभूति दिलाउन सक्ने किसिमका सीप तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिम लागत सहभागितामा सन्चालन गर्ने संघ/संस्था/फर्महरु सँग सहकार्य गरि कार्यक्रम संचालन गरिने छ ।

**१३९.** औद्योगिक, हस्पिटल र रासायनिक फोहरको व्यवस्थापन सम्बन्धित पक्षलेनै गर्नुपर्ने नीति लिईनेछ सोको लागि आवश्यक सहजीकरण नगरपालिकाबाट गरिनेछ । साथै सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहरफाल्नेलाई निरुत्साहित गर्न प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ ।

**१४०.** हेल्प डेस्क, डिजिटल सूचना पाटी, गुनासो पेटिकालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ । हालको प्रकृति अनुसार नागरिक बडापत्र अद्यावधिक गरिनेछ । गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीबाट गुनासो सम्बोधन सूचना प्रवाह गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाईनेछ ।

**१४१.** न्यूनतम रोजगारीको प्रत्याभूति हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**१४२. एक वडा एक स्वास्थ्य संस्था**को नीति अनुरुप प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरुको सवलीकरण र सुदृणिकरणमा जोड दिईनेछ र यस नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुलाई क्रमश नमूना स्वास्थ्य संस्थाको रुपमा विकास गर्दै लगीनेछ ।

**१४३.** युवाहरुको प्रमुख समस्याका रुपमा देखिएको लागु औषध दुर्व्यशन नियन्त्रणकालागि सरोकारवालाहरु संगको समन्वयमा जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

**१४४.** नगरपालिकाको विकास निर्माण कार्यलाई प्रभावकारी रुपले संचालन तथा व्यवस्थापन गर्न नियमित अनुगमनको व्यवस्था मिलाइने छ ।

**१४५.**टीकापुर नगरपालिकाको हाल कायम रहेको वडाको संरचना अवैज्ञानिक देखिएको र विकास निर्माण तथा सेवा प्रवाहमा सहजता प्रदान गर्न प्रशासनिक तथा भौगोलिक रुपमा वडा विभाजन प्रक्रियालाई अगाडि बढाईनेछ ।

**१४६.**टीकापुर बृहत उद्यान (बंगला पार्क) को दिर्घकालिन उपयोग र यस उद्यानको संरक्षण, सम्बर्द्धन र प्रबर्द्धनका लागि लिजमा दिने सम्बन्धमा विस्तृत संभाव्यता अध्ययन कार्यलाई अगाडि बढाईनेछ ।

## नगरसभा सदस्यज्यूहरु,

**१४७**. यस टीकापुर नगरपालिकाको आ.व. ०७७/७८ को नीति तथा कार्यक्रमले बर्तमान अवस्थामा विश्वमा नै देखा परेको कोभिड-१९ सँग सामना गर्दै रोजगारीका अवसरहरु सृजना हुने गरी विकासका प्राथमिकता र बजेट तर्जुमाको आधार प्रस्तुत गरेको छ ।

**१४८.** यस नीति र कार्यक्रमको कार्यान्वयनको निम्ति प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई टीकापुर नगरपालिका अगाडी वढ्ने विश्वास दिलाउँदै नीति, कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको साथ र सहयोग निरन्तर रहने छ भन्ने अपेक्षा गरेका छौं ।

**१४९.** यस नीति तथा कार्यक्रम तर्जुमा गर्न विभिन्न विषयगत समितिहरु, विभिन्न राजनीतिक दल, निजी क्षेत्रका उद्योगी व्यापारी, प्राज्ञिक क्षेत्र, पूर्व जनप्रतिनिधि, समाजका लब्ध प्रतिष्ठित व्यक्तित्वहरु, संचारकर्मि ,विषय विज्ञहरुबाट प्राप्त सुझावका लागि पनि धन्यवाद दिन चाहन्छु । टीकापुर नगरपालिकाको दैनिक कार्य सञ्चालनमा आफ्नो ज्ञान, सीप र सेवाभाव लगाइरहनु भएका सम्पूर्ण कर्मचारीलाई पनि धन्यवाद दिन चाहन्छु । विकास र नीतिगत तहमा सहकार्य गर्दै आएको केन्द्र र प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु । अब यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा पनि यसैगरी सबै पक्षबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै मेरो सम्बोधनलाई यही अन्त्य गर्दछु ।

**धन्यवाद ।**